नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड
समृद्ध नेपालको लागि

पत्र संख्या : NIFRA-RISK-83-84-023 **मितिः २०८३/०४/०८**

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवार, काठमाण्डौं, नेपाल ।

विषयः त्रैमासिक प्रतिबेदन र प्रगति विवरण सम्बन्धमा ।

महोदय,
प्रचलित धितोपत्र सूचीकरण विनियमावली, २०७५ को परिच्छेद ६ को नियम २२(ख) र तहाँसंग भएको सम्झौता बमोजिमको, २०८३ साल आषाढ मसान्त (चौथो त्रैमास) को त्रैमासिक प्रतिवेदन र प्रगति विवरण यसैसाथ पेश गरिएको व्यहोरा अनुरोध छ ।

भवदीय,

.....
सुवर्ण कुमार सिंह
प्रमुख जोखिम तथा अनुपालन अधिकृत

बोधार्थः-
श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग वालुवाटार, काठमाण्डौं ।

नत्थी :
प्रचलित धितोपत्र सूचीकरण विनियमावली, २०७५ र तहाँसंग भएको सम्झौता बमोजिमको त्रैमासिक प्रतिवेदन र प्रगति विवरण ।

Nepal Infrastructure Bank Limited
Krishna Tower, Baneshwor, Kathmandu, Nepal
Tel: 01 4790818, 4794002
www.nifrabank.com | Email: info@nifrabank.com

साउदीबाट टिक्मोमार्फत आइएमई गर्दा अभिषेकले जिते 'बीवाइडी एटो १' ईभी कार



काठमाडौं (अस) । साउदी अरेबियाबाट टिक्मोमार्फत आइएमई गरी नेपाल पैसा पठाउँदा विराटनगरका अभिषेक कालाखेतीले 'बीवाइडी एटो १' ईभी कार जितेका छन्। सोमबार काठमाडौंमा आयोजित कार्यक्रममा आइएमई ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकालले विजेता अभिषेक कालाखेतीलाई श्रीमती कल्पना कालाखेतीलाई कारको साँचो हस्तान्तरण गरे।

कार्यक्रममा आइएमई लिमिटेडका अध्यक्ष हेमराज ढकालले विदेशबाट औपचारिक माध्यमबाट पठाइने रेमिटेन्सले नेपालको अर्थतन्त्रलाई सकारात्मक योगदान पुऱ्याउनुका साथै नेपालमा रहेका परिवारको जीवनस्तर सुधार्न पनि महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताए। विदेशमा कार्यरत नेपालीले देखेका सपना पूरा गर्न आइएमई र टिक्मोका यस्ता अभियान सेवा प्रदान गर्ने कार्यमा मात्र सीमित नभई परिश्रमी नेपाली युवाको सपना साकार पार्न समेत प्रभावकारी भएको उनले उल्लेख गरे।

आइएमई लिमिटेडका प्रमुख कार्यकारी अधिकृत दिवाकर पौडेलले विश्वका विभिन्न श्रम बजारमा कार्यरत नेपालीको सपना साकार पार्न आइएमई सदैव प्रतिबद्ध रहेको बताए। विदेशमा रहेका नेपालीले गरेको विश्वासलाई सेवामार्फत उनीहरूका परिवारसम्म पुऱ्याउन आइएमईले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको उनको भनाइ थियो।

आइएमई लिमिटेड र टिक्मोको संयुक्त आयोजनामा सञ्चालन गरिएको 'साउदीबाट टिक्मोमार्फत आइएमई गरौं, उपहार जितौं' योजना २०८२ पुस २१ देखि २०८३ असार १६ गतेसम्म सञ्चालन गरिएको थियो। योजनाको उद्देश्य साउदी अरेबियामा रहेका नेपालीलाई टिक्मोमार्फत नेपालमा सुरक्षित, छिटो र भरपर्दो डिजिटल रेमिटेन्स पठाउन प्रोत्साहित गर्नुका साथै आकर्षक पुरस्कार उपलब्ध गराउनु रहेको कम्पनीले जनाएको छ।

यस अभियानअन्तर्गत ५ जनवरीदेखि ३१ मार्च २०२५ सम्म १२ जना सेवाग्राहीले आइफोन १७ र दुई जनाले इलेक्ट्रिक स्कुटर पुरस्कार प्राप्त गरेका थिए।

त्यसैगरी, ५ अप्रिलदेखि ३० जुन २०२६ सम्म सञ्चालन गरिएको दोस्रो चरणमा हरेक हप्ता पाँच जना सेवाग्राहीले १० हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरेका थिए। बम्पर उपहारअन्तर्गत एक जना भाग्यशाली बिजेताले बीवाइडी एटो १ ईभी कार जित्न सफल भएका हुन्।

नयाँ योजना पनि सार्वजनिक

आइएमई र टिक्मोले सहकार्यलाई निरन्तरता दिँदै नयाँ पुरस्कार योजना पनि सार्वजनिक गरेका छन्। १७ साउन २०८३ देखि १४ कात्तिक २०८३ सम्म साउदी अरेबियाबाट टिक्मोमार्फत नेपाल पैसा पठाउने सेवाग्राहीमध्ये हरेक हप्ता दुई जना भाग्यशाली बिजेताले आफ्ले पठाएको रकमको दुई गुणासम्म पुरस्कार प्राप्त गर्नेछन्।

त्यसैगरी, हरेक महिना दुई जना बिजेताले आफूले पठाएको रकमको तीन गुणासम्म पुरस्कार जित्ने अवसर पाउनेछन्। बम्पर योजनाअन्तर्गत दुई जना भाग्यशाली बिजेताले आफ्ले पठाएको रकमको पाँच गुणासम्म पुरस्कार प्राप्त गर्ने व्यवस्था गरिएको छ।

'नास-आईटी एक्स्पो २०२६' नोभेम्बर २१-२२ मा हुने

काठमाडौं (अस) । नेपाल एसोसिएसन फर सफ्टवेयर एण्ड आईटी सर्भिसेस कम्पनीज (नास-आईटी)ले आगामी नोभेम्बर २१ र २२ मा ललितपुरको सानेपामा नास-आईटी एक्स्पो २०२६ आयोजना गर्ने घोषणा गरेको छ।

नास-आईटीले बुधबार एक्स्पोको घोषणा गर्दै सूचना प्रविधि क्षेत्रका कम्पनी, व्यवसायी, लगानीकर्ता, नीतिनिर्माता, उद्यमी, विद्यार्थी र प्रविधिमा रुचि राख्ने व्यक्तिलाई एकै स्थानमा ल्याउने उद्देश्य रहेको जनाएको छ।

संस्थाका अनुसार एक्स्पोमा प्रविधि कम्पनीहरूले आफ्ना नयाँ उत्पादन र सेवाको प्रदर्शन गर्नेछन्। साथै, व्यवसाय विस्तार, नयाँ साझेदारी र व्यापारिक अवसर खोज्न पनि एक्स्पो उपयोगी हुने विश्वास गरिएको छ।

गतवर्ष आयोजित नास-आईटी एक्स्पो २०२५ मा २ हजार ५ सयभन्दा बढी सहभागी र ३० भन्दा बढी प्रविधि कम्पनीको सहभागिता रहेको थियो।

NAS-IT
Nepal Association for Software & IT Services Companies

यस वर्षको एक्स्पोमा सूचना प्रविधिसम्बन्धी प्रदर्शनी, व्यवसायबीच नेटवर्किङ, डिजिटल रूपान्तरण, कृत्रिम बौद्धिकता (एआई), साइबर सुरक्षा र क्लाउड कम्प्युटिङलगायत विषयमा छलफल तथा ज्ञानमूलक सत्र सञ्चालन गरिनेछ।

प्रदर्शनीमा सहभागी हुने, आगन्तुक दर्ता गर्ने, कार्यक्रम तालिका र वक्तासम्बन्धी विस्तृत जानकारी भने आगामी दिनमा सार्वजनिक गरिने नास-आईटीले जनाएको छ। नास-आईटी नेपालको सफ्टवेयर तथा सूचना प्रविधि क्षेत्रको प्रतिनिधित्व गर्ने गैरनाफामूलक संस्था हो। संस्थाले सूचना प्रविधि क्षेत्रको विकास, नीतिगत सहजीकरण र क्षमता अभिवृद्धिका लागि काम गर्दै आएको छ।

युनाइटेड मोदी हाइड्रोपावरको सीईओमा पाण्डे नियुक्त

काठमाडौं (अस) । युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडको प्रमुख कार्यकारी अधिकृत (सीईओ)मा मनिष पाण्डे नियुक्त भएका छन्। साउन ५ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले हाल प्रबन्ध सञ्चालक नभएको अवस्थामा पाण्डेलाई सीईओमा नियुक्त गर्ने निर्णय गरेको हो।

अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म, कमलपोखरी (Indoor) मार्ट पैठारी गरेको देहायका मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य MRP निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तालिका

सि.नं.	मालवस्तुको विवरण	आकार/प्रकार	ब्राण्ड	मोडेल	क्षमता	उत्पादकको मूलुक राष्ट्र	निर्यात	प्रति निर्यात मूल्य	अधिकतम खुद्रा बिक्री मूल्य MRP
1.	Refrigerator	Electronics	DH	DH-SDR1901.PR	180Ltr	India	Pcs	Nrs	23,090/-
2.	Refrigerator	Electronics	DH	DH-SDR1901.RF	180Ltr	India	Pcs	Nrs	23,690/-
3.	Refrigerator	Electronics	DH	DH-SDR1901.BF	180Ltr	India	Pcs	Nrs	23,690/-
4.	Refrigerator	Electronics	SANGO	SG-SDR1901.RP	180Ltr	India	Pcs	Nrs	23,090/-
5.	Refrigerator	Electronics	SANGO	SG-SDR1901.FR	180Ltr	India	Pcs	Nrs	23,690/-
6.	Refrigerator	Electronics	SANGO	SG-SDR1901.FB	180Ltr	India	Pcs	Nrs	23,690/-

विक्रेता फर्मको नाम: डिजिटल होम इम्पोरियम प्रा.लि.
ठेगाना: नीलकण्ठी नगरपालिका-१४, टैकु, सोलिटर

स्थाई लेखा नं. २०६५०९१४४
फोन: ०१-४६५०४४०

मार्भल टेक्नोप्लास्ट र सुदूरपश्चिम रोयल्सबीचको साझेदारीले पायो निरन्तरता



काठमाडौं (अस) । नेपाल प्रिमियर लिग (एनपीएल) टोली सुदूरपश्चिम रोयल्स र मार्भल टेक्नोप्लास्ट बीचको सहकार्यले निरन्तरता पाएको छ। मार्भल टेक्नोप्लास्ट लगातार दोस्रो वर्ष पनि टोलीको एक्सिलेन्स पार्टनरका रूपमा आबद्ध भएको हो।

बुधबार आयोजित कार्यक्रममा सुदूरपश्चिम रोयल्सका प्रमुख कार्यकारी निर्देशक प्रकाश खड्का र मार्भल टेक्नोप्लास्टका उपाध्यक्ष पवन कुमार सन्चेतीले साझेदारी सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन्।

सम्झौतापछि प्रमुख कार्यकारी निर्देशक प्रकाश खड्काले दोस्रो वर्ष पनि सहकार्यलाई निरन्तरता दिन पाउँदा खुसी लागेको बताए। उनले यस साझेदारीलाई अझ सुदृढ बनाउँदै ब्रान्डिङ, बजार विस्तार तथा व्यावसायिक प्रवर्द्धनका क्षेत्रमा थप प्रभावकारी रूपमा सहकार्य गरिने विश्वास व्यक्त गरे।

उनले भने, 'मार्भल टेक्नोप्लास्टजस्ता प्रतिष्ठित ब्रान्डहरूले नेपाली क्रिकेटमा निरन्तर लगानी गरिरहेको देख्नु अत्यन्त सकारात्मक पक्ष हो। यस्ता सहकार्यले नेपाल प्रिमियर लिगलाई मात्र होइन, समग्र नेपाली क्रिकेटको विकास, व्यावसायिकता र दीर्घकालीन उन्नयनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएका छौं।' मार्भल टेक्नोप्लास्टका उपाध्यक्ष पवन कुमार सन्चेतीले सुदूरपश्चिम रोयल्ससँगको सहकार्यलाई निरन्तरता दिन पाउँदा खुसी लागेको बताउँदै टोलीलाई आगामी प्रतियोगिताका लागि शुभकामना दिए।

उनले भने, 'हामी सुदूरपश्चिम रोयल्ससँग जोडिन पाउँदा गर्व महसुस गर्छौं। टोलीलाई आगामी प्रतियोगिताका लागि सफलताको शुभकामना दिन चाहन्छौं। साथै, नेपाली क्रिकेटको समग्र विकास र सफलताको पनि कामना गर्दछौं। नेपाल प्रिमियर लिगजस्तो प्रतियोगिताले देशलाई खेलमार्फत एकताबद्ध बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने हाम्रो विश्वास छ। यो साझेदारीले दुवै संस्थालाई नयाँ ऊर्जा प्रदान गर्नुका साथै नेपाली खेलकूद र राष्ट्रको विकासमा समेत सकारात्मक योगदान पुऱ्याउनेछ।'

एनपीएलको तेस्रो संस्करणको तयारीमा रहेको सुदूरपश्चिम रोयल्सले यसअघि पनि विभिन्न व्यावसायिक साझेदारसँगको सहकार्यलाई निरन्तर विस्तार गर्दै आएको छ। नेपाल प्रिमियर लिगका पहिलो दुई संस्करणमा उपविजेता बनेको सुदूरपश्चिम रोयल्स प्रतियोगिताकै सबैभन्दा ठूलो समर्थक (फ्यानबेस) भएको टोलीका रूपमा परिचित छ।

कर्जा भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८३/०४/०७ गते आर्थिक अभियान राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय नेपालढाट, काठमाण्डौबाट निम्न बमोजिम कर्जा लिने ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, बौद्धिक एवं लिखित रुपमा अनुरोध गरी तरलाकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैकमा सम्पर्क राखी कर्जा सम्बीत बमोजिम बैकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बकौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैकलि गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैकको लेखा रकम असुल गरिनुका साथै ऋणी, संचालक, प्रोप्राइटर, जमानीकर्ता समेत लाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नगएमा बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०६८, प्रचलित ऐन कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गर्न गराउन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

तपसिल

फ.सं	ऋणीको नाम, ठेगाना	
१.	उदयपुरे सुन्सी खास धर एण्ड म.ब सेण्टर नेपाल सरकार, उद्योग ,वाणिज्य तथा आपूर्ति मन्त्रालय, दर्ता नं.३५७ ,दर्ता मिति :२०७८/०६/०२, प्यान नं. ६०८४७८६६५, दर्ता मिति :२०७८/०६/०४, ठेगाना : मिलन चक्री ४, तारकेश्वर काठमाण्डौ प्रोप्राईटर -राज कुमार भेष्ठ	
	धितोमा राखिएको जमानीकर्ताहरु	
	१. सरस्वती कुमारी भेष्ठ ना.प्र.प.नं. १११८५७८८ जारी मिति २०६२/०१/२४, प्रमुख पतिको नाम : राज कुमार भेष्ठ ससुराको नाम : भुन नारायण भेष्ठ ठेगाना : बेगाडावर ९, प्रमुख	२. राज कुमार भेष्ठ ना.प्र.प.नं. ७१९६ जारी मिति २०६३/०२/१०, उदयपुर बाबुको नाम : भुन नारायण भेष्ठ बाजेको सुर्ई नारायण भेष्ठ ठेगाना : बेगाडावर ९, उदयपुर
	धितोमा रहेको सम्पतिको विवरण	
	सरस्वती कुमारी भेष्ठ को नाममा मालपोत कार्यालय ललगखेल,ललितपुरमा दर्ता भेष्ता कायम रहेको ललितपुर जिल्ला, पुल्चेक गा.वि.स. वडा नं. ६ स्थित किता नं. ९५ को क्षेत्रफल १९०.७४ व.मी. भाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण सिगलगायत समेत ।	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ब" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं.७, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-४२७०३६, ०१-४८०९९०
शाखा कार्यालय: नेपालढाट, काठमाण्डौ फोन नं. ०१-४३८७९२
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

Unaudited Financial Results (Quarterly)

4th Quarter ended of Fiscal Year 2082/83

NPR. in '000'

Statement of Financial Position	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Quarter Ending
Assets			
Cash and Cash Equivalent	46,772	28,975	85,478
Due from NRB	755,440	470,975	221,518
Placements with BFIs	2,900,000	3,070,000	4,710,000
Loan and Advances	31,424,211	28,546,429	24,947,980
Investments Securities	6,642,033	9,033,776	11,504,721
Investment in Subsidiaries and Associates	-	-	-
Property and Equipment	53,432	46,983	59,230
Goodwill and intangible Assets	584	421	530
Other Assets	24,572	24,588	21,062
Total Assets	**41,847,045**	**41,222,147**	**41,550,519**
Capital and Liabilities			
Paid up Capital	21,600,000	21,600,000	21,600,000
Reserves and surplus	3,718,738	3,420,503	4,165,341
Deposits	7,839,126	7,803,087	7,689,896
Borrowings	-	-	-
Bond and Debenture	7,269,658	7,268,754	7,266,321
Other liabilities and provisions	1,419,524	1,129,802	828,960
Total Capital and Liabilities	**41,847,045**	**41,222,147**	**41,550,519**

Statement of Profit or Loss	Up to this Quarter	Up to Previous Quarter	Up to Corresponding Previous Year Quarter
Interest income	2,424,011	1,806,987	2,470,003
Interest expense	977,333	725,718	569,160
Net interest income	**1,446,677**	**1,081,269**	**1,900,843**
Fee and commission income	58,119	22,267	21,150
Fee and commission expense	66	34	53
Net fee and commission income	**58,053**	**22,233**	**21,097**
Other operating income	-	-	-
Total operating income	**1,504,730**	**1,103,502**	**1,921,940**
Impairment charge/(reversal) for loans and other losses	(212,770)	(22,661)	(183,364)
Net operating income	**1,717,500**	**1,126,163**	**2,105,304**
Personnel expenses	230,796	155,078	266,892
Other operating expenses	69,855	50,838	71,828
Operating profit	**1,416,849**	**920,247**	**1,766,584**
Non-Operating income/expense	367	314	(164)
Profit before tax	**1,417,216**	**920,561**	**1,766,420**
Income tax	429,821	277,251	532,415
Profit /(loss) for the period	**987,395**	**643,310**	**1,234,005**
Other comprehensive income	(69,787)	(23,937)	279,300
Total comprehensive income	**917,608**	**619,373**	**1,513,305**
Distributable Profit			
Net profit/(loss) as per profit or loss	987,395	643,310	1,234,005
Add/Less: Regulatory adjustment as per NRB Directive	(75,250)	(105,604)	18,640
Free profit/(loss) after regulatory adjustments	**912,145**	**537,706**	**1,252,645**
Ratios			
Capital fund to RWA	67.15%	71.83%	77.56%
Tier 1 Capital to RWA	66.30%	70.99%	76.76%
CET 1 Capital to RWA	66.30%	70.99%	76.76%
Non-performing loan (NPL) to Total loan (As per NRB Directive)	0.00%	0.00%	0.00%
Total loan loss provision to Total NPL (As per NRB Directive)	-	-	-
Cost of Funds	6.46%	6.38%	6.51%
Credit to Deposit Ratio (As per NRB Directive)	79.92%	73.55%	65.25%
Base Rate	6.77	6.80	6.97
Basic Earnings Per Share	4.57	3.97	5.71
Diluted Earnings Per Share	4.57	3.97	5.71
Return on Equity	3.87%	3.38%	3.53%
Return on Assets	2.37%	2.07%	4.91%

Notes

1. The Bank has approved Loan amounting NPR. 56,131 million as of Ashad end, 2083 and the drawdown of the loan shall be as per progress of projects.
2. Average Base Rate for last three months is 6.76%.
3. Non-Performing loan (NPL) as on Ashad end 2083 is NPR. 396,105.79, which is 0.001% of total loan if three digits after decimal is considered.
4. The Financial Statement has been prepared in accordance with the Interim Financial Reporting format provided in NRB Direction no. 04, NFRS 9- Expected Credit Loss Related Guidelines, 2024, Interest Recognition Guidelines 2025 and the principles and policies adopted by the Bank in accordance with NFRS. Further the bank has measured impairment loss on Loans and Advances as per norms prescribed by Nepal Rastra Bank for loan loss provision provided in NRB Direction no. 02, being higher of amount prescribed by Nepal Rastra Bank for loan loss provision and the amount determined as per NFRS 9.
5. Previous period figures have been regrouped/rearranged/restated wherever necessary.
6. The above figures are subject to change as per the direction of the Regulator/ External auditor.
7. The Financial Results has been published in the Bank's website- www.nifrabank.com.

NIFRA
Nepal Infrastructure Bank Ltd.
संगुढ नेपालको लागि
नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त पूर्वाधार विकास बैंक)

Krishna Tower, Baneshwor, Kathmandu, Nepal
Tel: 977-01-4794197/4790818
www.nifrabank.com
Email: info@nifrabank.com

क्षतिपुरक दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १४ बमोजिमको विवरण (नियम २६ को उपनियम १ सँग सम्बन्धित)

१. वित्तीय विवरण

क) बैंकको आ.व. २०८२/८३ को चौथो त्रैमासको वित्तीय विवरण यसै साथ प्रकाशित गरिएको छ।

ख) प्रमुख वित्तीय अनुपातहरु

प्रति शेयर आम्दानी (रु)	४.५७	प्रति शेयर कुल सम्पतिको मूल्य (रु)	९९३.७४
मूल्य आम्दानी अनुपात	४३.७३	तरलता अनुपात (%)	८३.४७
प्रति शेयर नेटवर्थ (रु)	११७.२२	सम्पतिमा पुतिफल (%)	२.३७
इक्वीटिमा पुतिफल (%)	३.८७	औसत ईल्ड (%)	६.०४

२. व्यवस्थापकिय विश्लेषण

क) समिक्षा अवधिमा बैंकले स्वीकृत गरेको परियोजनाहरुमा आर्थिक अनुशरण गर्दै थप कर्जा प्रवाह गर्ने कम जारी राखेको छ। साथै थप परियोजनाहरु पनि विश्लेषणका अवस्थामा रहेका छन्।

ख) बैंकले निजि-सार्वजनिक साझेदारी अन्तर्गत निर्माण गर्ने सम्झौतामा रहेको शहरी पूर्वाधार, औद्योगिक पूर्वाधार र उर्जा व्यापार परियोजनामा SPV model मा लगानी गर्न सरोकारवालासँगको छलफल र अध्ययनको कार्य जारि राखेको छ।

३. कानुनी कारवाही सम्बन्धी विवरण

क) वैमासिक अवधिमा संगठित संस्थाले वा संस्था विरुद्ध कुनै मुद्दा दायर भएको भए।
- हालसम्म बैंक विरुद्ध कुनै मुद्दा दायर नभएको।

ख) संगठित संस्थाको संस्थापक वा सचालकले संस्थापक वा सचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा दायर मुद्दा।
- यस सम्बन्धि बैंकमा कुनै जानकारी प्राप्त नभएको।

ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए।
- यस सम्बन्धि बैंकमा कुनै जानकारी प्राप्त नभएको।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण

समिक्षा अवधिमा शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्य, कुल कारोबार भएको दिन र कुल कारोबार भएको संख्या र शेयर विवरण देहाय बमोजिम रहेको छ।

अधिकतम मूल्य (रु.)	२७८७०	कुल कारोबार दिन	६४
न्यूनतम मूल्य (रु.)	२४०७०	कुल कारोबार संख्या	२९,७८०
आधार मसान्तको अन्तिम मूल्य (रु.)	२४५६०	कुल कारोबार शेयर संख्या	४,४९९,९२८

५. समस्या तथा चुनौती

क) आन्तरिक समस्या तथा चुनौती
- बैंकको सम्पति तथा दायित्वको बेमेलका कारण उत्पन्न हुने जोखिमको व्यवस्थापन।
- बजारको ब्याजदरमा हुने उतार चढाव का कारण खुद ब्याज आम्दानीमा आउने कमीको व्यवस्थापन।

ख) बाह्य समस्या र चुनौती
- इन्धनको मुल्यमा अत्याधिक वृद्धि र कच्चा पदार्थको अभाव तथा अन्यभौतिक मूल्य वृद्धि।
- अन्तर्राष्ट्रिय राजनैतिक अस्थिरता तथा व्यवसायीहरुको आत्मविश्वासमा ह्रास।
- अर्थतन्त्रमा आएको सुस्तताको कारण पर्याप्त संख्यामा थप परियोजनाहरुका अवसरहरु नहुनु।
- नयाँ परियोजनाहरुको लगानीमा बैंक तथा वित्तीय संस्थाहरु बीच तीव्र प्रतिस्पर्धा।

ग) रणनीति
- नेपाल सरकारको विभिन्न निकायहरुसँग समन्वयन गरी नितिगत तथा प्रक्रियागत व्यवस्था गर्ने।
- ऋण उपकरण र निक्षेप मार्फत स्रोत संकलन।
- पुर्वाधारको सार्वजनिक र निजी परियोजनाहरुमा लगिने कर्जा लगानीमा विविधिकरण।
- आवश्यकता गर्ने नयाँ क्षेत्रहरु विस्तार तथा विविधिकरण।
- प्रदेश र स्थानीय सरकार सहितको संलग्नतामा पुर्वाधारको परियोजनाहरुको पहिचान गर्दै सोमा निजि क्षेत्रको लगानी प्रवर्द्धन गर्ने।
- समग्र जोखिम व्यवस्थापनको आधारभुत पक्षहरुलाई सवलिकरण गर्ने।

६. संस्थागत सुशासन

- बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएका निर्देशन तथा परिपत्रहरुको पुर्ण रुपमा पालना गरिएको छ। संस्थागत सुशासनलाई सदैव उच्च प्राथमिकतामा राख्दै आएको र संस्थागत सुशासन सम्बन्धी निर्देशन तथा परिपत्रहरुको अक्षरस पालना गरिएको छ।
- आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्न लेखापरीक्षण समिती (Audit Committee), जोखिम व्यवस्थापन समिती (Risk Management Committee) र सम्पति शुद्धिकरण नियन्त्रण समिती (AML/CFT Committee) गठन गरिएको छ। साथै, नेपाल राष्ट्र बैंक, वाह्य तथा आन्तरिक लेखापरीक्षकबाट दिईएका सुझाव तथा निर्देशनहरुलाई कार्यान्वयन गराउनुका साथै आन्तरिक नियन्त्रण प्रणालीलाई अझ सुदृढ बनाउदै लगिएको छ।
- कारोबारलाई छिटो, छरितो, चुस्त तथा वैज्ञानिक बनाउन तथा अन्य आवश्यक रणनीति तय गर्न व्यवस्थापन समिती (MANCOM), सम्पती/दायित्व व्यवस्थापन समिती (ALCO) र व्यवस्थापन स्तरको कर्जा समिती (Management Credit Committee) लगायतका विभिन्न समितिहरु क्रियासिल रहेको छन्।
- नियामक निकायहरुबाट प्राप्त हुने निर्देशन, नेपाल राष्ट्र बैंकको स्थलगत निरिक्षण प्रतिवेदन, आन्तरिक तथा बाह्य लेखापरीक्षण प्रतिवेदनमा औल्याईएका सुझाव तथा निर्देशनहरुलाई यस बैंकले सदैव पालना गर्दै संस्थागत सुशासनलाई पहिलो प्राथमिकतामा राखि काम कारवाही अगाडी बढाउन बैंकका संचालक समिती र व्यवस्थापन प्रतिबद्ध रहेका छन्।

७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् तथा लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन।